
| शब्द | परिभाषा | चित्र |
|---|---|---|
| **अवशोसक (शोस्ने क्षमता भएका) उत्पादनहरू (Absorbent products)** | अवशोसक उत्पादनहरूले दिसा पिसाब सोस्ने काम र/ वा यसमा थाम्ने काम गर्छ। यसलाई न्याप्पी वा डायपर पनि भनिन्छ। |  |
| **पिसाब निकाल्ने पाईप Catheter** | पिसाव निकाल्ने पाइप (catheter) एक लचिलो नली हो जसले व्यक्तिको मूत्राशयबाट पिसाब निकाल्छ। आफ्नो मूत्राशय स्वतन्त्र वा स्वेच्छाले खाली गर्न नसक्ने केही मानिसहरूले प्रयोग गर्छन् । पिसाव निकाल्ने पाइप (catheter) को प्रकारको आधारमा , अन्य उपकरणहरू, जस्तै झोलाको आवश्यकता हुनसक्छ । |  |
| **संयम (Continence)** | संयम (continence) को अर्थ सामाजिक रूपमा स्वीकार्य स्थानमा मूत्राशय (bladder) र आन्द्रा (bowel) खाली गर्न स्वेच्छाले नियन्त्रण (voluntarily control) गर्ने क्षमता हुनु हो। यसलाई सफलतापूर्वक शौचालय मा जाने रूपमा पनि वर्णन गर्न सकिन्छ। | |
| **व्यक्तिगत सरसफाई (Personal Hygiene)** | संक्रमण, घर्षण वा नरमता सम्बन्धी छालाको क्षति जस्ता स्वास्थ्य जोखिमहरू कम गर्न आफैलाई सफा राख्ने क्षमता। |  |
| **दबाब को कारण हुने घाऊ Pressure wound** | दबाब को कारण हुने घाऊ भनेको छाला फुट्नु हो । यो सामान्यतया हड्डीको माथि (bony area) हुन्छ र छोएको थाहा (sensation) नहुने ठाउँ सर्न र पोजिशन परिवर्तन गर्न कठिनाई को साथ समस्या भएका व्यक्तिहरूको लागि एक सामान्य समस्या हो। | |

| | | |
|---|---|---|
| **असंयम** **Incontinence** | जब एक व्यक्तिलाई स्वैच्छिक रूपमा उसको मूत्राशय (पिसाब असंयम) वा आन्द्रा (दिसा असंयम) नियन्त्रण गर्न कठिनाइ, वा नियन्त्रण गर्न असमर्थ हुन्छ । | |
| **स्वहेरचाह** **Self-care** | स्वहेरचाह भनेको (सेल्फ केयर) स्वयं आफ्नै हेरचाह गर्नु हो । यो TAP मोड्युल स्वहेरचाह (सेल्फ केयर) गतिविधिहरूमा केन्द्रित छ जुन एक व्यक्तिले हरेक दिन आफ्नो आधारभूत व्यक्तिगत आवश्यकताहरूको हेरचाह गर्ने गर्दछ। उदाहरणको लागी: आफै नुहाउने, शौचालय जाने, लुगा लगाउने , खाने र पिउने । | |
| **मूत्रमार्ग** **Urethra** | मूत्रमार्ग हाम्रो मूत्र प्रणालीको भाग हो। पिसाब व्यक्तिको मूत्राशयबाट उनको शरीरको बाहिरी भागमा मूत्रमार्ग हुँदै जान्छ। |  |